# पुथा उत्तरगङ्गा गाउँपालिका

# आर्थिक ऐन, २०८०

***गाउँसभाबाट स्वीकृत मितिः २०८०।०३।०८***

***गाउँसभाबाट प्रथम संशोधन मिति : २०८०।०९।२७ गते***

***गाउँसभाबाट दोस्रो संशोधन मिति : २०८१।०३।०८ गते***

पुथा उत्तरगङ्गा गाउँपालिका

**पुथा उत्तरगङ्गा गाउँपालिका**
**रुकुम पूर्व**
**लुम्बिनी प्रदेश, नेपाल**

# आर्थिक ऐन, २०८० (२०८१ को संशोधन सहित)

## पुथा उत्तरगङ्गा गाउँपालिका गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** पुथा उत्तरगङ्गा गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम पुथा उत्तरगङ्गा गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**आर्थिक ऐन, २०८०**" रहेको छ ।
(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि पुथा उत्तरगङ्गा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**१.२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐन मा,

क) "**ऐन**" भन्नाले पुथा उत्तरगङ्गा गाउँपालिकाको आर्थिक ऐन, २०८० सम्झनु पर्छ ।
ख) "**कार्यपालिका**" भन्नाले पुथा उत्तरगङ्गा गाउँ कार्यपालिका सम्झनु पर्छ ।
ग) "**गाउँपालिका**" भन्नाले पुथा उत्तरगङ्गा गाउँपालिका सम्झनु पर्छ ।
घ) "**फर्म**" भन्नाले प्रचलित कानुनबमोजिम दर्ता भए वा नभएको जुनसुकै फर्म सम्झनु पर्छ ।
ङ) "**व्यक्ति**" भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ ।
च) "**सभा**" भन्नाले पुथा उत्तरगङ्गा गाउँपालिकाको सभा सम्झनु पर्छ ।
छ) "**संविधान**" भन्नाले नेपालको संविधान,२०७२ लाई सम्झनुपर्छ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)ः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका

पुथा उत्तरगङ्गा गाउँपालिका

जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर**ः गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर**ः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर**ः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क**ः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क** ः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क**ः गाउँपालिका/नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर**ः गाउँपालिका/नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क**ः गाउँपालिका/नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुट**ः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि**ः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिका/नगरपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची-१

एकीकृत सम्पत्ति कर

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | एकीकृत सम्पत्ति कर | जम्मा रकमको १० प्रतिशत | |

## अनुसूची-२

भूमिकर (मालपोत)

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १ | प्रति रोपनी | रु.१० |

## अनुसूची-३

बहाल कर

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | घर भाडा | भाडा सम्झौता रकमको १० प्रतिशत | वर्ग निर्धारण आर्थिक ऐन, २०७४ मा तोकिए बमोजिम हुने |

## अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

व्यवसाय करका दरहरु

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | गल्ला होलसेल | २५०० | व्यवसाय दर्ता शुल्क |
| २ | खुद्रा पसल | १००० | |
| ३ | ग्रामीण भेगका किराना पसल | १००० | |
| ४ | फेन्सी पसल | ३००० | |
| ५ | काँचो कपडा पसल होलसेल | १५०० | |
| ६ | काँचो कपडा खुद्रा | १००० | |
| ७ | नाइ( शैलुन), कस्मेटिक व्यवसाय | २००० | |
| ८ | सुन चाँदी व्यवसाय | २००० | |
| ९ | साधारण सिलाइ कटाइ | ५०० | |
| १० | टेलरिङ सेन्टर | १००० | |
| ११ | रेष्टुराँ | २५०० | |
| १२ | होटेल लजिङ्ग एण्ड फुडिङ्ग | ३००० | |
| १३ | निजी होमस्टे | १००० | |
| १४ | सामुदायिक होमस्टे | २५०० | |
| १५ | सामान्य चिया खाजा पसल | १००० | |

पश्चिम उत्तरगङ्गा गाउँपालिका

| | | | |
|---|---|---|---|
| १६ | बैंक | २०००० | |
| १७ | वित्तीय संस्था (सहकारी, IME) | ५००० | |
| १८ | औषधी पसल ५ लाख भन्दा कम पूँजी भएको | २५०० | |
| १९ | औषधी पसल ५ लाख भन्दा बढी पूँजी भएको | ५००० | |
| २० | साधारण काष्ठ तथा फर्निचर उद्योग ५ लाख भन्दा कम पूँजी भएको | ५००० | |
| २१ | ५ लाख भन्दा बढी पूँजी भएको काष्ठ तथा फर्निचर उद्योग | ७००० | |
| २२ | क्रसर उद्योग | १०००० | |
| २३ | कागज उद्योग | ५०० | |
| २४ | वद्यशाला तथा मासु व्यवसाय | २५०० | |
| २५ | कृषि तथा पशुपञ्छी फर्म | १५०० | |
| २६ | पोल्ट्री सप्लायर्स | ३००० | |
| २७ | भाँडा पसल | ५००० | |
| २८ | पानी/बिजुली/अन्य इन्धनबाट चल्ने मिल | १५०० | |
| २९ | ३ महिना चल्ने पानी घट्ट | १०० | |
| ३० | ६ महिना चल्ने पानी घट्ट | २०० | |
| ३१ | ९ महिना भन्दा बढी चल्ने पानी घट्ट | ३०० | |
| ३२ | हार्डवेयर | ७००० | |
| ३३ | फोटो स्टुडियो | २००० | |
| ३४ | स्टेशनरी पसल | २००० | |
| ३५ | अफसेट तथा छापाखाना | ५००० | |
| ३६ | संघ संस्था दर्ता | ५००० | सामुदायिक संस्था बाहेक |
| ३७ | निजी तथा सामुदायिक वन दर्ता | प्रति वर्गमिटर रु २ | |
| ३८ | पेट्रोलियम पदार्थ बिक्रेता | ५००० | |
| ३९ | मोटर पार्टस बिक्री तथा मर्मत | ७००० | |
| ४० | इलक्ट्रिक एण्ड इलेक्ट्रोनिक्स पसल | ३००० | |
| ४१ | लेखापढी व्यवसाय | १००० | |
| ४२ | पेन्टर पसल | २००० | |
| ४३ | तरकारी तथा फलफूल पसल दर्ता | १००० | |
| ४४ | मदिरा पसल (लोकल) | ५००० | |
| ४५ | झोला तथा कुम्लामा व्यापार गर्ने व्यक्ति | पट्के शुल्क मासिक रु.१५०० | |
| ४६ | अन्य नतोकिएका व्यवसाय | ५०० | |
| ४७ | व्यवसाय नवीकरण दस्तुर | व्यवसाय दर्ता शुल्कको ४० प्रतिशत | वार्षिक रूपमा अनिवार्य नवीकरण |

उत्तरगङ्गा गाउँपालिका

| | | | |
|---|---|---|---|
| | | | गर्ने |
| ४८ | निर्माण व्यवसाय | २०००० | |
| ४९ | दर्ता प्रमाणपत्रको प्रतिलिपि | ५०० | |
| ५० | निर्माण व्यवसाय प्रमाणपत्र नविकरण | ८००० | |

**अनुसूची-५**

(दफा ७ सँग सम्बन्धित)

जडिबुटी, कवाडी र जीवजन्तु करका दरहरु

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | यार्सागुम्बा | प्रतिकिलो रु. १०००० | आयात निर्यातमा लाग्ने |
| २ | कवाडी माल | प्रतिकिलो रु.५ | आयात निर्यातमा लाग्ने |
| ३ | अन्य जडिबुटी | प्रचलित बजार मूल्यको ५ प्रतिशत | आयात निर्यातमा लाग्ने |
| ४ | खोटो | प्रतिकिलो रु.५ | आयात निर्यातमा लाग्ने |
| ५ | काठ प्रतिघनफिट | रु.५ | आयात निर्यातमा लाग्ने |
| ६ | कानूनले निषेधित गरेका बाहेक अन्य मृत जनावरका हाड सिंग, छाला, प्वाँख आदि । | कुल मूल्यको २ प्रतिशत | आयात निर्यातमा लाग्ने |
| ७ | यार्सागुम्बा बाट प्राप्त हुने राजश्व | कुल सङ्कलनको २० प्रतिशत | बाँकी ८० प्रतिशत सम्बन्धित वडामा |
| ८ | बालुवा/गाट्टि | प्रति दिन खच्चर रु.१०० | |
| | | प्रति ट्र्याक्टर रु १००० | |
| | | प्रति टिप्पर रु २००० | |
| ९ | सिली/स्लेट ढुङ्गा | प्रति ट्र्याक्टर रु १००० | |
| | | प्रति टिप्पर रु २००० | |
| १० | सामान्य प्रकृतिको ढुङ्गा | प्रति ट्र्याक्टर रु ५०० | |
| | | प्रति टिप्पर रु १५०० | |
| ११ | माटो (कमेरो) | प्रति ट्र्याक्टर रु ५०० | |
| | | प्रति टिप्पर रु १००० | |
| १२ | भिर मौरीको मह | प्रतिकिलो रु.५० | निर्यातमा लाग्ने |
| १३ | फलफुल | प्रतिकिलो रु.१ | आयातमा लाग्ने |
| १४ | तरकारी | प्रतिकिलो रु.१ | आयातमा लाग्ने |
| १५ | दूध | प्रतिकिलो रु.१ | आयातमा लाग्ने |
| १६ | खसी, बोका, सङ्गुर तथा बङ्गुर | प्रति गोटा रु.१०० | निर्यातमा लाग्ने |
| १७ | ठूला पशु तथा चौपाया | प्रति गोटा रु.१०० तर गाई गोरुको हकमा रु.५० | निर्यातमा लाग्ने |
| १८ | कुखुरा | प्रति गोटा रु. ५ | आयात निर्यातमा लाग्ने |

| | | | |
|---|---|---|---|
| १९ | अण्डा | प्रति गोटा १० पैसा | आयात निर्यातमा लाग्ने |
| २० | फोहोरमैला व्यवस्थापन शुल्क | रु.१०० | होटेल व्यवसाय आदिलाई वार्षिक लाग्ने |

**अनुसूची-६**

(दफा ८ सँग सम्बन्धित)

सवारी साधन कर

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाइकल | ० | प्रतिदिन प्रवेश शुल्क |
| २ | रिक्सा | ० | प्रतिदिन प्रवेश शुल्क |
| ३ | बस | १०० | प्रतिदिन प्रवेश शुल्क |
| ४ | ट्रक | २०० | प्रतिदिन प्रवेश शुल्क |
| ५ | ट्र्याक्टर | १०० | प्रतिदिन प्रवेश शुल्क |
| ६ | जीप, माइक्रोबस, भ्यान | ५० | प्रतिदिन प्रवेश शुल्क |
| ७ | ट्रिपर | १०० | प्रतिदिन प्रवेश शुल्क |
| ८ | मिनि ट्रक | १०० | प्रतिदिन प्रवेश शुल्क |
| ९ | एक्साभेटर, अर्थ मुभर्स | ३००० मासिक | |
| १० | प्राइभेट जीप कार भ्यान | २५ | प्रतिदिन प्रवेश शुल्क |
| ११ | रिजर्भ गरिएको गाडी | ५०० प्रति पटक | प्रतिदिन प्रवेश शुल्क |

**अनुसूची-७**

(दफा ९ सँग सम्बन्धित)

विज्ञापन कर

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | होर्डिङ बोर्ड प्रति वर्ग फिट | रु.५ | |
| २ | रंगीन विज्ञापन | छपाइ शुल्कको १० प्रतिशत | |
| ३ | सादा पोष्टर, पम्पलेट | प्रति पोष्टर १० पैसा | |

**अनुसूचि-८**

(दफा १० सँग सम्बन्धित)

मनोरञ्जन कर

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|

पुर्वा उत्तरगङ्गा गाउँपालिका

| | | | |
|---|---|---|---|
| १ | मेला महोत्सव लगायत अन्य मनोरञ्जनात्मक कार्यक्रम | प्रतिदिन रु.१००० | |

**अनुसूची-९**

(दफा ११ सँग सम्बन्धित)

बहाल बिटौरी शुल्क

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | सार्वजनिक स्थलमा ढुङ्गा गिट्टी बालुवा थुपार्न मिल्ने अवस्थामा थुपारे वापत | रु ५ | प्रतिदिन प्रति वर्गमिटर |

**अनुसूची-१०**

(दफा १२ सँग सम्बन्धित)

पार्किङ्ग शुल्क

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | दुई पांग्रे | तीन घण्टा सम्म रु.५ र सो भन्दा बढी प्रतिघण्टा रु.१० | |
| २ | चार पांग्रे | प्रति घण्टा रु.१० | |

**अनुसूची-११**

(दफा १३ सँग सम्बन्धित)

ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¥यापि्टङ्ग शुल्क

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | स्वदेशी | ० | |
| २ | विदेशी | रु.१०० प्रतिदिन | |

**अनुसूची-१२**

(दफा १४ सँग सम्बन्धित)

सेवा शुल्क, दस्तुर

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | रु.२०० | |
| २ | मोही लगत कट्टा | रु.२०० | |
| ३ | घर कायम सिफारिस | रु.२०० | |
| ४ | छात्रवृत्ति सिफारिस | रु.५०० | |
| ५ | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | निशुल्क | |
| ६ | अपाङ्ग सिफारिस | रु.० | |
| ७ | अस्थाई बसोवास सिफारिस | रु.१००० | |
| ८ | स्थाई बसोवास सिफारिस | रु.२०० | |

| | | | |
|---|---|---|---|
| ९ | नागरिकता सिफारिस | रु.२०० | |
| १० | नागरिकता प्रतिलिपि सिफारिस | रु.५०० विपदमा परेकाको हकमा निशुल्क | |
| ११ | अंगीकृत नागरिकता सिफारिस | रु.१००० | |
| १२ | आर्थिक अवस्था सिफारिस (बलियो) | रु.३००० | |
| १३ | आर्थिक अवस्था सिफारिस (कमजोर) | रु.० | |
| १४ | विद्युत जडान सिफारिस | रु.१०० | |
| १५ | धारा जडान सिफारिस | रु.५० | |
| १६ | जिवित रहेको सिफारिस | रु.२०० | |
| १७ | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस, फरक जन्म मिति संशोधन सिफारिस | रु.२०० | |
| १८ | जग्गा मूल्याङ्कन सिफारिस | मूल्याङ्कन रकमको ०.२५% | |
| १९ | व्यवसाय बन्द सिफारिस | रु.१०० | |
| २० | व्यवसाय नभएको सिफारिस | रु.१०० | |
| २१ | व्यवसाय सञ्चालन नभएको सिफारिस | रु.१०० | |
| २२ | अदालत शुल्क मिनाहा सिफारिस | रु.० | |
| २३ | व्यापार ठाउसारी सिफारिस | रु.२०० | |
| २४ | चौपाया सम्बन्धी सिफारिस | रु.१०० | |
| २५ | नाबालक परिचय पत्र सिफारिस | रु.२०० | |
| २६ | व्यवसाय दर्ता सिफारिस | रु.२०० | |
| २७ | आन्तरिक बसाईसराई सिफारिस | रु.२०० | |
| २८ | विद्यालय सञ्चालन तथा कक्षा वृद्दि सिफारिस | रु.५०० | |
| २९ | पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस | रु.१००० | |
| ३० | व्यक्तिगत विवरण सिफारिस | रु.२०० | |
| ३१ | जग्गा दर्ता सिफारिस (प्रति रोपनी) | रु.१०० | |
| ३२ | संरक्षक सिफारिस (व्यक्तिगत) | रु.२०० | |
| ३३ | संरक्षक सिफारिस (संस्थागत) | रु.५०० | |
| ३४ | नाता प्रमाणित सिफारिस (नेपाली) | रु.५०० | |
| ३५ | जिवितसँगको नाता प्रमाणित सिफारिस | रु.२०० | |
| ३६ | मृतकसँगको नाता प्रमाणित सिफारिस | रु.२०० | |
| ३७ | कोठा खोल्न रोहबरमा बस्ने कार्य | रु.१००० | |
| ३८ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने | रु.५०० | |
| ३९ | घर बाटो प्रमाणित | रु.५०० | * |
| ४० | कागज मञ्जुरीनामा प्रमाणित/कपाली तमसुक प्रमाणीत (दश लाख सम्मको) | रु.५०० | |
| ४१ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | रु.० | |

| | | | |
|---|---|---|---|
| ४२ | संस्था दर्ता सिफारिस (नाफामुखी) | रु.२५०० | |
| ४३ | संस्था दर्ता सिफारिस (गैर नाफामुखी) | रु.१००० | |
| ४४ | घर बाटो कायम सिफारिस | रु.२०० | |
| ४५ | चार किल्ला प्रमाणित सिफारिस | रु.५०० | |
| ४६ | जन्म मिति प्रमाणित | रु.२०० | |
| ४७ | विवाह प्रमाणित | रु.१००० | |
| ४८ | घर पाताल प्रमाणित | रु.२०० | |
| ४९ | फरक फरक नामथर सिफारिस प्रमाणित | रु.२०० | |
| ५० | फरक फरक जन्ममिति सिफारिस प्रमाणित | रु.२०० | |
| ५१ | मञ्जुरीनामा प्रमाणित | रु.२०० | |
| ५२ | संरक्षक प्रमाणित | रु.२०० | |
| ५३ | हकदार प्रमाणित | रु.२००, सर्जमीन मुचुल्का भए रु.५०० | |
| ५४ | अविवाहित प्रमाणित | रु.२०० | * |
| ५५ | जग्गा रेखाङ्कन सम्बन्धी रोहवरमा बस्ने | रु.५०० | |
| ५६ | जग्गा धनी पुर्जा हराएको सिफारिस | रु.५०० | |
| ५७ | पुर्जा घर कायम गर्न प्रमाणित | रु.२०० | |
| ५८ | अङ्ग्रेजी सिफारिस तथा प्रमाणित (प्रति चलानी) | प्रति सिफारिस रु.१००० | |
| ५९ | मिलापत्र कागज तथा उजुरी दर्ता गराउने | क्रमशः रु.१००० र रु. २०० | |
| ६० | नाता प्रमाणित दस्तुर | रु.२०० | |
| ६१ | जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद दर्ता (३५ दिनभित्र निशुल्क त्यसपछि जतिसुकै दिन भएपनि रु. | रु.२०० | |
| ६२ | नयाँ व्यवसाय दर्ता सिफारिस | रु.५०० | |
| ६३ | व्यवसाय नवीकरण सिफारिस | रु.५०० | |
| ६४ | योजना सम्झौता तथा उपभोक्ता समिति दर्ता सिफारिस | रु.१००० | |
| ६५ | उपभोक्ता समितिको बैंक खाता खोल्ने सिफारिस | रु.२०० | |
| ६६ | कार्यसम्पन्न सिफारिस (श्रमदान बाहेक) | रु.कूल लागतको ०.४ प्रतिशत | |
| ६७ | सर्जमिन मुचुल्का | रु. ५०० | |
| ६८ | व्यक्तिगत घटना दर्ता प्रमाण प्रतिलिपी | रु. ५०० | |
| ६९ | फर्म/कम्पनी सूची दर्ता | रु. १००० | |
| ७० | मृत्यु प्रमाणीत | रु. २०० | * |
| ७१ | निरक्षर सिफारिस | रु. २०० | * |

## अनुसूची-१३

(दफा १५ सँग सम्बन्धित)

पर्यटन शुल्क

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | दृश्यावलोकन | स्वदेशी रु.०, विदेशी रु.१०० | |
| २ | हिमाल आरोहण | स्वदेशी रु.०, विदेशी रु.१०००० | |
| ३ | अध्ययन भ्रमण | स्वदेशी रु.५०, विदेशी रु.१०० | |
| ४ | तीर्थ यात्रा | स्वदेशी रु.५०, विदेशी रु.१०० | |

पुथा उत्तरगङ्गा गाउँपालिका